मितिः-२०८३/०२/०४ गते

समयः- अपरान्ह १:०० बजे

स्थानः- आठविसकोट नगर कार्यपालिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको ११६ औं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री रवि के.सी. को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री राजेश गौतम | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ३ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ४ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ५ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ६ | श्री चन्द्रसिं खत्री | ४ नं. का.बा.वडा अध्यक्ष | |
| | ७ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ८ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | ९ | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | १० | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | ११ | श्री, जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १२ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १३ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १४ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १५ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १६ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | १७ | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | १८ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | १९ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २० | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २१ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २२ | रत्ने कामी | कार्यपालिका सदस्य | |
| | | | | |
| | | | | |
| | | | | |

अन्य उपस्थितिः-

| | | | | |
|---|---|---|---|---|
| | १ | श्री कुवेर वस्नेत | सूचना प्रविधि अधिकृत | |
| | २ | श्री गणेश वहादुर थापा | लेखा अधिकृत | |
| | ३ | श्री मानवहादुर वटाला | एम.आइ.एस.अपरेटर | |
| | ४ | श्री तस्वीर परियार | कास | |

Scanned with CamScanner

**नगर कार्यपालिकाको ११६ औं बैठक (मिति २०८३/०२/०४ गते)का निर्णयहरु :-**

१. यस नगरपालिकामा सञ्चालन हुने मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत देहायको आयोजनाहरु छनौट गर्ने।

**तपसिल**

| क्र.स. | कार्यक्रम / आयोजनाको नाम | प्रस्तावित रकम | विषय क्षेत्र |
|---|---|---|---|
| १ | श्री पातकुना तथा खेतखोला तटबन्धन निर्माण योजना आ.न.पा. १ | १५,००,०००।- | तटबन्धन |
| २ | श्री स्याला खानेपानी मर्मत तथा पाहाडा पँधेरा मूल संरक्षण निर्माण योजना आ. न. पा. २ | १५,००,०००।- | खानेपानी |
| ३ | श्री फर्सु डाडामाथी खानेपानी निर्माण तथा मर्मत योजना आ. न. पा. ३ | १५,००,०००।- | खानेपानी |
| ४ | श्री टिमुरगाँउ सिंचाई कुलो निर्माण योजना आ.न.पा. ४ | १५,००,०००।- | सिंचाई |
| ५ | श्री गोतामकोट सिँढी निर्माण योजना आ.न.पा. ५ | १५,००,०००।- | पर्यटन |
| ६ | श्री भित्रवन, डिमुरेडाडा,पैराटाउका मसिनडारी खानेपानी निर्माण योजना आ.न.पा. ६ | १५,००,०००।- | खानेपानी |
| ७ | श्री गगुनपानी, बाटाढिक मुहान देखी गाईसिन काफलडाँडा सम्म खानेपानी निर्माण योजना आ. न. पा. ७ | १५,००,०००।- | खानेपानी |
| ८ | श्री सरखोला मुहान देखी घर्तीगाँउ सम्म खानेपानी निर्माण योजना आ. न. पा. ८ | १५,००,०००।- | खानेपानी |
| ९ | श्री आम्रेखोला खहरे सिंचाई निर्माण योजना आ. न.पा. ९ | १५,००,०००।- | सिंचाई |
| १० | श्री सुनछरी माझबारा लाहरे खानेपानी निर्माण योजना आ. न. पा. १० | १५,००,०००।- | खानेपानी |
| ११ | श्री झ्यारमखोला, बाँसकोट, गिरिटोल,सिलागाँउ सिंचाई ट्याडी निर्माण योजना आ. न. पा. ११ | १५,००,०००।- | सिंचाई |
| १२ | श्री ठरिखोली, लामपुजा, नुहाउने पारिमा खानेपानी निर्माण योजना आ. न. पा. १२ | १५,००,०००।- | खानेपानी |
| १३ | श्री पानीखोला देखी तल्लोडारी पिपलडाँडा खानेपानी निर्माण योजना आ. न. पा. १३ | १५,००,०००।- | खानेपानी |
| १४ | श्री गाँरखोला च्यापच्यापे सिंचाई निर्माण योजना आ. न. पा. १४ | १५,००,०००।- | सिंचाई |

२. यस नगरपालिकामा ल्याण्ड फिल्ड साइट निर्माणको लागि मिति २०८२/११/१९ यस नगरपालिका र भुपेन्द्र निर्माण सेवा एण्ड सप्लायर्स, मुसिकोट नगरपालिका-३, रुकुम (पश्चिम भाग) बिच (Landfill Site Construction-Solid Waste Management) ठेक्का सम्झौता भएकोमा नगरपालिकाले तोकिएको स्थानमा जग्गा प्राप्त गर्न नसक्ने भएकोले उक्त ठेक्का सम्झौता रद्द गर्ने।

नि. प्रमुख प्रशासकीय अधिकृत

३. यस आठविसकोट नगरपालिकाबाट प्रदान हुने विपन्न स्वास्थ्य विमा कार्यक्रमको लागि प्रत्येक वडाबाट ५ जनाका दरले हुने गरी आजको मितिले ७ दिन भित्र सवै वडा कार्यालयहरुले विमितको विवरण स्वास्थ्य तथा सामाजिक विकास शाखामा पेश गर्ने।

४. यस आठविसकोट नगरपालिकाको श्री शाइकुमारी माध्यमिक विद्यालय रोकाजाखेतमा कार्यरत करार स्वयंसेवक शिक्षक श्री ओमकेदार नाथलाइ श्री गोरखनाथ आधारभूत विद्यालय पाटागाउँमा रिक्त नि.मा.वि. तह नेपाली विषयको करार स्वयंसेवक शिक्षक पदमा पदस्थापन गर्ने।

५. यस आठविसकोट नगरपालिकाको श्री शाइकुमारी माध्यमिक विद्यालय रोकाजाखेतको मा.वि.तह गणित/विज्ञान विषय शिक्षक पदमा पटक/पटक विज्ञापन गर्दा समेत शिक्षक पदपूर्ती हुन नसक्दा उक्त विद्यालयको भौगोलिक तथा अन्य अवस्थालाई मध्यनजर गरी गणित र विज्ञान दुवै विषयको दरवन्दी स्वीकृत गरी विज्ञापन गर्न अनुमति दिने।

६. यस आठविसकोट नगरपालिकाको वडा नं. ६ स्थित श्री जनसेवा वालविकास केन्द्र दमाचौरमा वालविकास सहजकर्ता पदमा पदपूर्तिको लागि अनुमति दिने।

७. यस आठविसकोट नगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८३ स्वीकृत गर्ने।

८. यस आठविसकोट नगरपालिकाको बजार केन्द्र (हाटबजार) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।

९. यस आठविसकोट नगरपालिकाको साझा सुविधा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।

१०. यस आठविसकोट नगरपालिकाको वडा नं. ९ राडीपाखा स्थित बरचौतारी क्षेत्रमा खानेपानी सहितको प्रतिक्षालय निर्माण गर्ने।

११. आठविसकोट नगरपालिकामा रहेको खोलाहरुमा तरी तराउ गर्दा एक देखि आधा घण्टा भन्दा बढी समय लाग्ने भएकोले तपसिलमा उल्लेखित स्थानमा झोलुङ्गे पुल आवश्यक रहेकोले झोलुङ्गे पुल शाखा श्रीमहल पुल्चोक ललितपुरमा अनुरोध गर्ने।

| क्र.सं. | जिल्ला | पालिका | वडा नं. | स्थान | खोलाको नाम | झो.पु.को नाम | अनुमानित लम्बाइ | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुकुम पश्चिम | आठविसकोट | १ | डाँडागाउँ | खेतखोला | डाँडागाउँ रागिला | ४९० मी. | |
| २ | रुकुम पश्चिम | आठविसकोट | १ | चौखि | अधेरी | पातिहाल्ने वसुनढुङ्गा | १३० मी. | |
| ३ | रुकुम पश्चिम | आठविसकोट | ९ | मालुओराल | खारखारा | सिमसिमे पानी मालुओराल | ५० मी. | |
| ४ | रुकुम पश्चिम | आठविसकोट | २ | झिम्रीखोला | झिम्रीखोला | ताजिल बागेधारा | ४५० मी. | |

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

२०८३/०१/०४

राजेश गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner